नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./पत्राचार/फा.नं.३./२०७६/७७

मितिः- २०७६/१०/२९

चलानी नं.:- ३०८

श्री स्थानीय तह, सबै (पत्रमा उल्लेखित)।

विषय- औद्योगिक ग्राम पूर्वाधार विकासमा समन्वय सम्बन्धमा।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको प.सं.२०७६/७७, च.नं. २०४, मिति २०७६/१०/१६ औद्योगिक ग्राम पूर्वाधार विकासमा समन्वय सम्बन्धी प्राप्त पत्र, आधार, सूची र कार्यविधि संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

२०७६/१०/२९

राजकुमार बोहरा

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

योजना शा

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा)

सिंहदरवार ,काठमाडौं
नेपाल।

प.सं. औ.पू.वा/०७६/७७
च.नं. २०४

१०६२८
२०७६।१०।२१

मितिः २०७६/१०/१६

विषयः- **औद्योगिक ग्राम पूर्वाधार विकासमा समन्वय सम्बन्धमा ।**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.१, विराटनगर।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२, जनकपुर।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमति प्रदेश ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.५, बुटवल।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी।

स्थानीय तह क्षमता
बिकास महाशाखा
दर्ता नं. २५५
मितिः १०/२३

नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७६/०६/०७ को निर्णय बमोजिम संलग्न लिस्ट बमोजिमका स्थानीय तहहरुबाट प्रस्तावित क्षेत्रमा औद्योगिक ग्राम घोषणा भएको व्यहोरा विदितै छ। साथै, औद्योगिक ग्राम घोषणा भएका स्थानमा औद्योगिक ग्राम स्थापना गर्न "औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" को दफा ४ तथा दफा ५ मा उल्लेखित मापदण्ड, सेवा सुविधाहरुलाई मध्यनजर गरी मन्त्रालयबाट तयार गरिएको स्वीकृत आधारहरुको पालना गरी पूर्वाधार बाहेक अध्ययन अनुसन्धान तथा प्रशासनिक/विविध खर्चमा रकम उपयोग गर्न नपाउने गरी पूर्वाधार निर्माण तथा विकासका कार्यमा मात्रै स्रोत खर्च गर्ने गरी रु.९२०००००/- बजेट निकासा गर्ने मिति २०७६/०९/१५ को (सचिवस्तरीय) निर्णयानुसार ३२ वटा स्थानीय तहलाई बजेट निकाशा भैसकेको छ।

नेपाल सरकारको प्रत्येक स्थानीय तहमा एक औद्योगिक ग्राम स्थापना गर्ने नीति रहेको सन्दर्भमा उपरोक्त कार्यविधि बमोजिम औद्योगिक ग्राम सम्बन्धमा यस मन्त्रालयले गर्ने औद्योगिक ग्रामको घोषणा, पूर्वाधार बिकासका लागि नीतिगत ब्यबस्था, बित्तिय तथा प्राविधक सहयोग, अनुगमन, मुल्याङ्कन, समन्वय तथा नियमन सम्बन्धि कार्यहरु र ताहां प्रदेशबाट गरिने सार्वजनिक पूर्वाधार निर्माणमा सहयोग, पूर्व संभाब्यता अध्ययन, संभाब्यता अध्ययन , बिस्तृत अध्ययन प्रतिवेदन तथा पूर्वाधार निर्माण र बिकासमा गरिने लगानीमा संघ, प्रदेश र स्थानीय तह बिच दोहरोपन नपर्ने गरि समन्वय र सहकार्य हुन निर्णयानुसार अनुरोध छ ।

संलग्नः

१. औद्योगिक ग्राम निर्माण गर्ने सम्बन्धमा स्थानीय तहले बजेट खर्च गर्दा अपनाउनु पर्ने आधारहरु,
२. औद्योगिक ग्राम घोषणा भएको ३२ वटा स्थानीय तहहरुको बिबरण,
३. औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ ।

(शान्ता नेपाल)
उप-सचिव

<u>बोधार्थ</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

फोन नं. ४२११५७९, ४२११५४७ फ्याक्स नं. ९७७-१-४२११६१९
Email: info@moi.gov.np, Website: www.moi.gov.np

**औद्योगिक ग्राम निर्माण गर्ने सम्बन्धमा स्थानीय तहले बजेट खर्च गर्दा अपनाउनु पर्ने आधारहरुः**

यस मन्त्रालयबाट औद्योगिक ग्राम निर्माण गर्नका लागि बजेट निकासा गरिने नगरपालिका/गाउँपालिकाले उक्त रकम खर्च गर्दा देहायका शर्तहरु पालना गर्नु पर्नेछ। औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहलाई बजेट निकासा गर्दा समझदारी (MOU) गरिनेछ।

१. नगरपालिका/गाउँपालिकाले MOU गरेको १५ दिनभित्र आफ्नो अन्य स्रोतबाट DPR (Detail Project Report) अध्ययन कार्य प्रारम्भ गरी ३ महिना भित्र सम्पन्न गरी सोको स्वीकृत प्रतिवेदनको एक प्रति मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२. DPR तयार गर्दा औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ तथा दफा ५ मा उल्लेखित मापदण्ड तथा सेवा सुविधा उपलब्ध हुने आधारमा गर्नुपर्नेछ। साथै, DPR गर्ने क्रममा वातावरणीय संवेदनशील तथा geo-hazard युक्त क्षेत्रहरुको पहिचान गरी base map तयार गर्नु पर्नेछ।

३. औद्योगिक ग्राम निर्माणका लागि आवश्यक पर्ने विस्तृत सर्भे, डिजाईन, परियोजना प्रतिवेदन तथा वातावरण संरक्षण ऐन,२०७६ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्नेछ र उक्त प्रतिवेदनहरु स्वीकृत भएपछि मात्रै ग्रामको विकास निर्माणको कार्य गर्नुपर्नेछ। स्वीकृत प्रतिवेदनहरुको एक-एक प्रति मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

४. नगरपालिका/गाउँपालिकाले औद्योगिक ग्राम घोषणा भएको क्षेत्रमध्ये सबै वा आंशिकमा ग्राम स्थापना गर्ने क्षेत्र यकिन गरी सो क्षेत्रको चारकिल्लासहित घेराबार एवं रेखाङ्कन गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

५. MOU मा उल्लेख भएको रकम नियमानुसार देहायको पूर्वाधर विकास र ग्राम भीत्र निर्माणहुने संरचनाको काममा बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन।

(I)पूर्वाधार विकासः

- क) जग्गा विकास (Land development) सम्बन्धी कार्य
- ख) ग्रामको लागि आवश्यक पहुँच मार्ग
- ग) ग्रामभित्रको मुख्य तथा सहायक मार्ग
- घ) मुख्य मार्गको साइडमा पैदल मार्ग
- ङ) विद्युत प्रशारण लाइन तथा आवश्यकता अनुसार सबस्टेशन, ट्रान्सफरमर, विद्युत वितरण लाइन
- च) बैकल्पिक उर्जाको व्यवस्था
- छ) गोदाम घर
- ज) पानी आपूर्तिको व्यवस्था
- झ) भूमिगत तथा सतही ढल निकासको व्यवस्था

ञ)  औद्योगिक फोहोर व्यवस्थापन संयन्त्र

ट)  आवश्यकता अनुसार फोहोर पानी उपचार संयन्त्रको व्यवस्था

ठ)  सञ्चार लाईनको प्रवन्ध

ड)  सडक वत्तिको व्यवस्था

ढ)  सम्बन्धित ग्राम निर्माणको लागि अत्यावश्यक अन्य पूँजीगत खर्च

**(ii) ग्रामभित्र निर्माण हुने संरचनाहरुः**

क)  औद्योगिक ग्रामको लागि प्रशासनिक भवन निर्माण

ख)  बैंक तथा वितिय संस्थाको भवन निर्माण

ग)  दिवा शिशु स्याहार केन्द्र

घ)  अग्नी नियन्त्रणको व्यवस्था

ङ)  सामान प्रदर्शनी तथा बिक्री केन्द्र/कक्ष

च)  शौचालय तथा स्नान गृह

छ)  पार्किङ तथा आराम स्थल

ज)  चमेना गृह

झ) प्राथमिक स्वास्थ्य केन्द्र

६. नगरपालिका/गाउँपालिकाले विनियोजन ऐन, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, सार्वजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नितिगत मार्गदर्शन,२०७५ लगायतका आर्थिक ब्यवस्थासंग सम्वन्धित प्रचलित कानुनको पालना गराई वित्तिय अनुशासन कायम गर्नु /गराउनु पर्नेछ ।

७. यस आ.व. २०७६।०७७ मा खर्च हुन नसकी बांकी रहेको रकम नियमानुसार हुनेछ ।

८. सम्पादन भएका कार्यको चौमासिक प्रगति विवरण अनिवार्यरुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. कार्य सम्पन्न भएपछि प्रचलित कानूनमा व्यवस्था भए अनुसार नगरपालिकाले महालेखा परिक्षकबाट लेखापरिक्षण गराई कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१०. सम्बन्धित नगरपालिकाले यस कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेबार अधिकृत (Focal person) तोक्नु पर्नेछ ।

११. औद्योगिक ग्राम घोषणा तथा संचालन सम्वन्धी कार्यविधि,२०७५ अनुरुप सम्पूर्ण कार्य सम्पन्न गर्नु/गराउनु पर्नेछ।

# नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०६/०७ को निर्णयबाट घोषणा भएका औद्योगिक ग्रामहरुको सूची

| क्र.सं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | वडा नं./ स्थान |
|---|---|---|---|---|
| १ | सुनवल नगरपालिका | नवलपरासी | प्रदेश नं.५ | ४ |
| २ | धनगढीमाई नगरपालिका | सिरहा | प्रदेश नं.२ | ८ |
| ३ | सबैला नगरपालिका | धनुषा | प्रदेश नं २ | हाल ४, पटेर्वा |
| ४ | पञ्चपुरी नगरपालिका | सुर्खेत | कर्णाली | ६, ८ |
| ५ | धुलिखेल नगरपालिका | काभ्रेपलान्चोक | प्रदेश नं. ३ | १० |
| ६ | थाहा नगरपालिका | मकवानपुर | प्रदेश नं. ३ | ३, दमारचौर |
| ७ | रामपुर नगरपालिका | पाल्पा | प्रदेश नं. ५ | ७, विरेन्द्रटार |
| ८ | सैनामैना नगरपालिका | रुपन्देही | प्रदेश नं.५ | ७, लम्टैया |
| ९ | वालिङ नगरपालिका | स्याङ्जा | गण्डकी | १०, बैंडी |
| १० | तिलोत्तमा नगरपालिका | रुपन्देही | प्रदेश नं. ५ | १० |
| ११ | पाँचखाल नगरपालिका | काभ्रेपलान्चोक | प्रदेश नं. ३ | ७ |
| १२ | तानसेन नगरपालिका | पाल्पा | प्रदेश नं. ५ | ७ |
| १३ | पुनर्वास नगरपालिका | कञ्चनपुर | सुदूरपश्चिम | १ |
| १४ | खजुरा गाउँपालिका | बाँके | प्रदेश नं. ५ | ६, पुरैना |
| १५ | बिहादी गाउँपालिका | पर्वत | गण्डकी | २ |
| १६ | पुतलीबजार नगरपालिका | स्याङ्जा | गण्डकी | ४ |
| १७ | तुल्सीपुर उपमहानगरपालिका | दाङ | प्रदेश नं. ५ | १०, वेलनगर क्षेत्र |
| १८ | त्रिपुरासुन्दरी नगरपालिका | डोल्पा | कर्णाली | साविक ६ (क)२ रुम |
| १९ | मेलौली नगरपालिका | बैतडी | सुदूरपश्चिम | १,३,५ र ६ |
| २० | बेलौरी नगरपालिका | कञ्चनपुर | सुदूरपश्चिम | १ |
| २१ | भरतपुर महानगरपालिका | चितवन | प्रदेश नं. ३ | ३ |
| २२ | लहान नगरपालिका | सिरहा | प्रदेश नं. २ | २४ |
| २३ | बागलुङ नगरपालिका | बागलुङ | गण्डकी प्रदेश | १३ |
| २४ | आँबुखैरेनी नगरपालिका | तनहुँ | गण्डकी प्रदेश | २ |
| २५ | भिमेश्वर नगरपालिका | दोलखा | प्रदेश नं ३ | ७, भुलभुले |
| २६ | सिरानचोक गाउँपालिका | गोरखा | गण्डकी प्रदेश | ४, नर्सरी परिसर |
| २७ | राइनास नगरपालिका | लमजुङ | गण्डकी प्रदेश | ६, आपचौर |
| २८ | ऋषिङ्ग गाउँपालिका | तनहुँ | गण्डकी प्रदेश | ५ |
| २९ | शहिद लखन गाउँपालिका | गोरखा | गण्डकी प्रदेश | ५, अउलचौर |
| ३० | ताराखोला गाउँपालिका | वागलुङ | गण्डकी प्रदेश | १, भुस्कात |
| ३१ | धरान उप-महानगरपालिका | सुनसरी | प्रदेश नं १ | ६, पानवारी |
| ३२ | अर्जुनचौपारी गाउँपालिका | स्याङ्जा | गण्डकी प्रदेश | १ |